
# प्रेसविरुद्ध घटनामा कमी : तर नीतिगत सुधार आवश्यक

**मे ३ २०१७ प्रतिवेदन**

राजनीतिक गतिविधिसम्बन्धी आन्दोलनमा कमी आएसँगै यस वर्ष (मे २०१६ देखि अप्रिल २०१७) सम्म प्रेस स्वतन्त्रताको वातावरणमा तुलनात्मक सुधार देखिएको छ। फलस्वरुप प्रेस स्वतन्त्रता उल्लंघनका घटनामा पनि कमी आएको छ। विगतका वर्ष झैं यसवर्ष पनि स्थानियस्तरका राजनीतिकर्मी, कार्यकर्ता र सुरक्षाकर्मीहरू नै प्रेसविरुद्ध आक्रमण गर्ने, धम्की दिने, त्रास देखाउने, हातपात र तोडफोडका घटना अग्रपङ्क्तिमै रहे। इन्टरनेटको विस्तारसँगै अनलाइन मिडियामा वृद्धि भएको छ। अबका दिनमा अनलाइन मिडियाकर्मी आक्रमणमा पर्ने देखिन्छ। परिवर्तित व्यवस्थाअनुसार मिडियामा पनि सुधार गर्न सरकार निति तथा निर्देशिकामार्फत सक्रिय देखिएपनि राज्यका निकायहरूले पत्रकारको स्वतन्त्र रिपोर्टिङको अधिकारलाई पूर्णरुपमा आत्मसात नगर्दासम्म प्रेस स्वतन्त्रतामा सुधार आउन समय लाग्ने देखिन्छ।

मुलुकभर फ्रिडम फोरमले गरेको अनुगमनका क्रममा (मे २०१६ देखि अप्रिल २०१७) जम्मा २९ वटा प्रेस उल्लघंनका घटना भएका छन्। जसका कारण ८० जना सञ्चारकर्मीहरू प्रभावित भएको देखिन्छ। गत वर्षको तुलनामा यस वर्ष उल्लेखनीय सुधार आएको छ। गत वर्ष ५९ वटा प्रेस स्वतन्त्रता विरोधी घटनामा एक सय जनाभन्दा बढी सञ्चारकर्मी प्रभावित भएका थिए। यस वर्ष १२ आक्रमण/हातपात, छ ज्यानमार्ने धम्की र पाँच केही समय पक्राउ परेका घटना भए।

**मे २०१६ देखि अप्रिल २०१७को अवधिमा भएका प्रेस स्वतन्त्रता उल्लङघनका घटना**




- प्रदेश नं ३ मा सबैभन्दा बढी घटना भए। जसमध्ये काठमाडौंमा मात्र उल्लघंनका १३ घटना भेटिएका छन्। त्यसपछि प्रदेश नं २ मा नौवटा घटना घटे। यसको मतलब-'जहाँ धेरै मिडिया हुन्छ, त्यही नै प्रेस स्वतन्त्रता उल्लंघनका घटना बढी भएका छन्।'

- प्रदेश नं ३ यही वर्ष अनलाइन मिडियासँग सम्बन्धित चारवटा घटना घटे। जसमा सुरक्षा अधिकारीको दबाबमा चारवटा अनलाइन समाचार पोर्टल बन्द गराउनेदेखि सामाजिक सञ्जालमार्फत (फेसबुक) सञ्चारकर्मीलाई धम्क्याउने कार्यसमेत भए।
- विभिन्न राजनीतिक दल र उसका भातृ संगठनहरूले आयोजना गरेका विरोध कार्यक्रमबारे सूचना संकलन जाँदा सञ्चारकर्मीमाथि छवटा प्रेस उल्लघंनका घटना भए।
- त्यसैगरी, सुरक्षाकर्मी तथा सरकारी निकायबाट भएका नौवटा घटना सञ्चारकर्मीप्रतिको अमैत्री व्यवहारका कारण घटेका थिए भने चारवटा घटनामा विभिन्न दलका राजनीतिक कार्यकर्ताहरू संलग्न पाइए।

**नीति अनुगमन**

**राष्ट्रिय आमसञ्चार नीति :** सरकारले गत ०७३ साउन ७ गते नयाँ राष्ट्रिय आमसञ्चार नीति ल्याएको थियो। सो नीति मन्त्रिपरिषद्को बैठकबाट पारित भएको थियो। मुलुकमा राजनीतिक परिवर्तन र नयाँ संविधान निर्माण भइसकेको अवस्थामा सरकारले आमसञ्चार नयाँ नीति ल्याउनु सकारात्मक भए पनि नीति त्यति पूर्ण स्वागतयोग्य भने छैन। नीतिमा केही बुँदा जस्तै सञ्चारक्षेत्रमा विदेशी लगानी, नागरिक र सामाजिक उत्तरदायित्वलाई जोड्न, रेडियो फ्रिक्वेन्सी, फिल्मबारे उदार नीति, प्रिन्ट मिडियामा हुने सम्पादकीय स्वतन्त्रता, लगानीकर्ता र सञ्चारकर्मीबीको सम्वन्धबारे प्रष्टरूपमा उल्लेख भएको छैन्। साथै समाजिक सञ्जाल र इन्टरनेटमा आधारित मिडियालाई भने दर्ता प्रक्रियामा जानुपर्नेलगायतका विषय चासो बनेको छ।

**पत्रकारिता लाइसेन्सका लागि परीक्षा लिने तयारी :** सरकार मातहत रहेको नेपाल प्रेस काउन्सिल नेपालले सञ्चारकर्मीहका लागि 'पत्रकारिता लाइसेन्स' लिन परिक्षा लिने तयारी गरेको छ। काउन्सिलले ल्याएको नीतिले पत्रकारहलाई वर्गीकरण गर्ने मात्र नभई योग्यता मापन परीक्षा लिइने नीतिले 'सञ्चारकर्मी र सञ्चारक्षेत्र' लाई राज्यनियन्त्रित बनाउन खोजेको स्पष्ट देखिन्छ। जुन अप्रजातान्त्रिक र अभिव्यक्ति स्वतन्त्रताविरुद्ध छ।

**सञ्चारकर्मीको पारिश्रमिक सम्बन्धमाः** सरकारले गत ०७३ साउन १ गतेदेखि श्रमजीवी पत्रकारहका लागि न्यूनतम १९ हजार ५०० पारिश्रमिक पाउनुपर्ने ताकेको छ जुन सकारात्मक कदम हो। न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिसमा सरकारले न्यूनतम पारिश्रमिक निर्धारण गरेको हो। यसको कार्यान्वयन महत्वपूर्ण छ।

सरकारले अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका-२०७३ हालै (चैत ७ गते) राजपत्रमा सार्वजनिक गरेको छ, जुन पहिलेको संस्करणभन्दा केही फरक छैन्। सो निर्देशिका सुसासन (व्यवस्थापन र कार्य) ऐन २०६३ अन्तर्गत ल्याइएको हो। सरकारले अभिव्यक्ति स्वतन्त्रताको प्रोत्साहन र नागरिक आवाजलाई मुलधारमा ल्याउने माध्यमका रूपमा अनलाइन मिडियालाई लिनुपर्नेमा केबल सेवा प्रदान गर्ने सरकारी निकाय र सुशासनको माध्यामका रूपमा मात्र लिएको छ।

यो निर्देशिका इन्टरनेट अनलाइन मिडिया नियन्त्रणउन्मुख छ। निर्देशिकाविरुद्ध सर्वोच्च अदालतमा गत चैत १३ गते रिट दायर भएको छ। रिटमा सो निर्देशिका प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र संवैधानिक प्रावधानविरुद्ध भएको भन्दै खारेज गर्न निवेदन गरिएको थियो।

**दण्डहिनता :** ढिलै भए पनि सञ्चारकर्मीविरुद्ध अपराधसम्बन्धी दण्डहिनता घटनामा राज्यले गरेको सम्बोधन प्रसंशनीय छ। जिल्ला अदालत धनुषाले सञ्चारकर्मी अरुण सिंहानियाको हत्या आरोपित सञ्जय साहलाई गत मङ्सिर १६ गते पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको थियो। न्यायाधीश दीपककुमार दाहालको इजलासले प्राप्त प्रमाणहका

आधारमा सो आदेश जारी गरेको थियो । सिंहानीया रेडियो टुडे सञ्चार समूहका अध्यक्ष थिए । उनलाई फागुन १७, २०६६ मा जनकपुरको शिवचोकमा गोली हानी हत्या गरिएको थियो ।

यसैगरी, जनकपुर उच्च अदालतले सञ्चारकर्मी उमा सिंहका हत्यारालाई जिल्ला अदालतको जन्मकैद फैसलालाई सदर गरेको छ । चैत २ गते भएको सो फैसलामा हत्याका तीन आरोपित नेमलाल पासवान, उमेश यादव उर्फ स्वामिजी र सिंहकी भाउजु ललितादेवी सिंहलाइ सर्वस्वसहित जन्मकैदको सजाय सुनाइएको थियो ।
यसका बावजुद नेपालमा द्वन्दकालमा मारिएका र बेपत्ता पारिएका सञ्चारकर्मीविरुद्ध अपराधका अन्य घटनाह अझै न्यायको पर्खाइमा छन् ।


**घटनाका केही झलकहरू:**

- काठमाडौंबाट सञ्चालित अनलाइन पत्रिका ***न्युजसेवा डटकम*** मा प्रकाशित भएको समाचारका कारण गत फागुनमा सुरक्षा अधिकारीले बन्द गराएका थिए । समाचार वरिष्ठ प्रहरी अधिकृत-प्रहरी नायब महानिरीक्षकले आफ्ना नराम्रा कार्य लुकाउन गरेका प्रयासमा आधारित थियो । यसैगरी, अन्य दुइ अनलाइन पत्रिका ***आर्थिकन्युज डटकम*** र ***कर्णालीखबर डटकम*** पनि प्रहरीकै अनुरोधमा नेपाल दूरसञ्चार प्राधिकरणले बन्द गरेको थियो । यि दुई अनलाइन पत्रिका पनि माथि उल्लेखित कारणले नै बन्द गराइएका थिए ।
- गत माघ २१ गते डोटीको जोरायल क्षेत्रमा व्यापक अवैध वन फडानी भएको समाचार विभिन्न सञ्चारमाध्यममा प्रकाशन तथा प्रसारण भएपछि सहायक वन अधिकृत सुरेशचन्द्र डिसीले आफ्नो फेसबुक स्टाटसमार्फत पत्रकारको कलम भाँचिदिने र ढाड खुस्काइदिने धम्की दिएका थिए
- इमेज च्यानल (टेलिभिजन) र सेतोपाटी डटकमका सवांददाता अनिल तिवारीलाई पर्सा जिल्ला अदालतको फैसलाविरुद्ध भएको प्रर्दशनको समाचार संकलनका क्रममा प्रहरीले गत फागुन ४ गते आक्रमण गरेको थियो ।
- अज्ञात समूहद्वारा फोटोपत्रकारहरू केशव थापा (द काठमाडौं पोष्ट), श्रीधर पौडेल (अनलाइन खबर) र मनोज थापा (मेट्रो एफएम) माथि चैत १५ गते राजधानीमै पेट्रोल बब प्रहार भएको थियो । स्ववियु निर्वाचनसम्बन्धी रत्नराज्य लक्ष्मी क्याम्पस अगाडि प्रदर्शन गरिरहेका विभिन्न विद्यार्थी संगठनहरू र प्रहरीबीच भएको झडपको रिपोर्टिङ गर्ने क्रममा सो आक्रमण भएको थियो ।
- नेपाल चलचित्र बिकास बोर्डले टुक इन्टरटेनमेन्टका गणेशदेव पाण्डेद्वारा निर्देशित चलचित्र 'गाँजाबाजा' का लागि दिएको निवेदन चलचित्रको नामकै कारण अस्वीकृत गरेको छ । चलचित्रका निर्माता र निर्देशक पाण्डेले फ्रिडम फोरमसँग कुराकानी गर्दै चलचित्र बिकास बोडले 'गाँजा' शब्दले 'गाँजा'को प्रयोगलाई प्रोत्साहन गर्ने भएकाले आवेदन स्वीकृत नगरिएको भन्दै दुःख व्यक्त गरे । फिल्मको नामबाट गाँजा शब्द हटाएपछि मात्र निर्माण स्वीकृति अनुमोदन गरिने सम्वन्धित मन्त्रालयले बताएको छ ।
- प्रजातन्त्रमा राजनीतिक दलहरू र प्रेस स्वतन्त्रता दुवै महत्वपूर्ण खम्बाका रूपमा लिइन्छ । यद्यपि नेता तथा कार्यकर्तामा राजनीतिक संस्कारको कमी र अमैत्रीपूर्ण व्यवहारका कारण सञ्चार क्षेत्रमा गम्भीर समस्या आउने गरेको छ । जबसम्म स्थानीय नेता तथा कार्यकर्ताहलाई प्रेस स्वतन्त्रताको महत्वबारे सिकाइन्न तबसम्म सञ्चारकर्मीहरू राजनीति कार्यकर्ताको आक्रमणमा परिरहने देखिन्छ । प्रेस स्वतन्त्रताप्रति राजनीतिक दलहरूले गरेका लिखित प्रविबद्धता व्यवहारमा अभ्यास हुन जरुरी छ ।
- सुरक्षा निकायमा कार्यरत तल्लो तहका कर्मचारीहरूमा मिडिया साक्षरता कमीका कारण पनि उनीहरू पत्रकारले स्वतन्त्ररूपमा समाचार संकलन गर्न पाउनुपर्ने अधिकारबारे ग्रहणशील देखिदैनन् । प्रदर्शनका बेला सुरक्षाकर्मीले प्रदर्शनकारी र पत्रकार छुट्याउन नसक्दा पनि सञ्चारकर्मी आक्रमणको घटनामा वृद्धि भएको छ । त्यसैले राज्यले प्रेस स्वतन्त्रताको संरक्षण र सर्म्वद्धनका लागि सक्रिय भूमिका निभाउन जरुरी छ ।

- इन्टरनेटमा आधारित अनलाइन मिडियाको बढ्दो प्रयोग, तिनको सहज र छिटो पहुँचका कारण पनि त्यस्ता मिडियामाथि राज्यको दबाब उच्च हुने सम्भावना देखिन्छ । प्रजातान्त्रिक मूल्य र मान्यता सुधारका लागि अभिव्यक्ति स्वतन्त्रतामा अनलाइन मिडियाको भूमिका समावेश हुन जरुरी छ ।

- निश्चिय नै सञ्चारकर्मीहले सवैभन्दा बढी आर्थिक अनियमितता र प्रशासनिक विकृति जस्ता समाचारमा विशेष चासो दिने भएकाले यस्ता विषयवस्तु कर्मचारीहका लागि टाउको दुःखाइको विषय बन्ने गरेका छन् । कर्मचारीहले पारदर्शी र उत्तरदायी शासन निर्माणका लागि सञ्चारकर्मीप्रतिको आक्रामक व्यवहार अन्त्य गर्नुपर्दछ ।
- सरकारले मिडिया नीति तयार पार्दा पूर्णअभिव्यक्ति स्वतन्त्रतामा आधारित सिद्धान्तलाई आत्मसाथ गर्नु आबश्यक छ । जसले स्वतन्त्र प्रेसको प्रत्याभूति गर्न सहयोग पुग्नेछ ।

**कुन प्रदेशमा कति प्रेस स्वतन्त्रता उल्लङ्घनका घटना ?**




**समाप्त**